# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, .साउन २६ गते २०६० साल (संख्या १८

## भाग ३

श्री ५ को सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ५१ संख्या ३१, मिति २०५८।८।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम कम्पनी ऐन, २०५३ को दफा १३४ को प्रयोजनको लागि गठित कम्पनी बोर्डको सदस्यहरू र मुकाम यथावत रहने गरी रिक्त अध्यक्ष पदमा श्री पद्मकुमार आचार्यलाई नियुक्ति गरिएको छ।

आज्ञाले,
दिनेशचन्द्र प्याकुर्‍याल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि सोही ऐनको दफा १२.१.२ बमोजिम काठमाडौं उपत्यका नगर विकास समितिले कीर्तिपुर जग्गा एकीकरण आयोजना अन्तर्गत कीर्तिपुर नगरपालिका वडा नं. ९, १७ र १८ साविक विष्णुदेवी गा.वि.स. वडा नं. ३ र बाहिरी गाउँ गा.वि.स. वडा नं. ३ र ५(क) को तपसिलको चार किल्लाभित्र रहेको जग्गाको विभिन्न कित्ताहरुलाई एकीकरण गरी नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्ता सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरु बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरु साविककै जग्गाधनी एवं मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण (ल्याण्ड पुलिङ) कार्यक्रम सञ्चालन गर्न सो को योजना श्री ५ को सरकारबाट मिति २०६०।२।२९ मा स्वीकृत भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

पूर्व :- पाँगा मा.वि. बाट बसपार्क जाने कच्ची सडक

पश्चिम :- कीर्तिपुर नयाँ बजारबाट पाँगा जाने पक्की सडक

उत्तर :- कीर्तिपुर नयाँ बजारबाट भाजगांल जाने ग्रावेल सडक

दक्षिण :- पाँगा मा.वि. को उत्तरतर्फ स्नो लायन कार्पेट फ्याक्ट्री ।

आज्ञाले,

महेन्द्रनाथ अर्याल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।